# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## "नागरिक बचतपत्र २०७० क" निष्कासन गर्ने सूचना

नेपाल सरकारको "नागरिक बचतपत्र २०७० क" देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०७० क (३ वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रु.५००.०० करोड ( पांच सय करोड रुपैयां मात्र) ।
(ग) वार्षिक व्याजदर :- ९.५ प्रतिशत (अर्द्धवार्षिक रुपमा व्याज भुक्तानी हुने तथा व्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि :- २०६७ वैशाख २९ गतेदेखि जेष्ठ १८ गतेसम्म ।
(ङ) निष्कासन हुने मिति :- २०६७ जेष्ठ २० गते ।
(च) सांवा भुक्तानी हुने मिति:- २०७० जेष्ठ २० गते ।
(छ) खरिद गर्न सकिने रकम:- घटिमा एक हजार रुपैया र बढिमा कुल निष्कासित रकमको सीमामा नबढाई एक हजार रुपैयाले भाग गर्दा नि:शेष भाग जाने अंकमा ।
(ज) फाराम सम्बन्धी व्यवस्था :- यस सम्बन्धी फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाईट (www.nrb.org.np अन्तर्गत Public Debt बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।
(झ) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. तोकिएको व्याजदरमा हरेक ६/६ महिनामा आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, बाणिज्य बैंक तथा देहायका बजार निर्माताहरु (यसको सूची नेपाल राष्ट्र बैंकको वेबसाइट http:// www .nrb.org.np मा पनि उपलब्ध छ) बाट व्याज लिन सकिनेछ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता कहां रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त व्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा १ थान र प्रति थान बचतपत्रमा १ का दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम विना व्याज ७ दिनभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. उपर्युक्त नागरिक बचतपत्र यस बैंकबाट इजाजत प्राप्त देहायका बजार निर्माताहरु, उपत्यका बाहिरको हकमा नेपाल राष्ट्र बैंक तथा ईजाजतप्राप्त "क" वर्गका बाणिज्य बैंकका शाखाहरु मार्फत समेत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुबाट नि:शुल्क उपलब्ध हुनेछ ।

८. उपर्युक्त नागरिक बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु, बाणिज्य बैंकहरु र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो परिपत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपर्युक्त नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई उपर्युक्त म्यादभित्र बिक्री गरी दैनिक खवर फ्याक्स (फ्याक्स नं.४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

९. बिक्री खुला अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहन आएमा वा बढि बिक्री भएमा खुला बजार सञ्चालन समितिले निर्णय गरी आवश्यक व्यवस्था गर्नेछ । साथै, बचतपत्र बाँडफाँड सम्बन्धी अन्य सम्पूर्ण अधिकार उक्त समितिमा रहनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४२५७८८०, ४२४१२७२, ४२२१७६३ वा ४२४८९००-९०४ एक्सटेन्सन २१९-२० मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइड http://www .nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन अनुरोध गरिन्छ ।

| क्र.सं. | बजार निर्माताको नाम | ठेगाना |
|---|---|---|
| १. | अन्नपूर्ण फाइनान्स कम्पनी लि. | पोखरा, कास्की |
| २. | आइ.सि.एफ.सि.वित्तीय संस्था लिमिटेड | भाटभटेनी, काठमाडौं |
| ३. | इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं.लि. | नयाँ वानेश्वर, काठमाडौं |
| ४. | उद्यम बिकास बैंक लि. | नारायणगढ, चितवन |
| ५. | एन.आई.डि.सि.क्यापिटल मार्केट्स लिमिटेड | कमलपोखरी, काठमाडौं |
| ६. | एस डेभलपमेन्ट बैंक लिमिटेड | नक्साल, काठमाडौं |
| ७. | एनएमबि बैंक लिमिटेड | बबरमहल, काठमाडौं |
| ८. | कस्मिक मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था) | लालदरवारमार्ग, काठमाडौं |
| ९. | काष्ठमण्डप डेभलपमेन्ट बैंक लिमिटेड | न्यूरोड, काठमाडौं |
| १०. | काठमाडौं फाइनान्स लिमिटेड | डिल्लीबजार, काठमाडौं |
| ११. | क्रिष्ट बैंक | अनामनगर, काठमाडौं |
| १२. | कृषि विकास बैंक लि. | रामशाहपथ, काठमाडौं |
| १३. | क्रिष्टल फाइनान्स लि. (वित्तीय संस्था) | बागदरवार, काठमाडौं |
| १४. | क्लिन ईनर्जी डेभलपमेन्ट बैंक लि. | सितापाइला, काठमाडौं |
| १५. | गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| १६. | गुहेश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | पूल्चोक, ललितपूर |
| १७. | गोरखा फाइनान्स लिमिटेड | हात्तीसार, काठमाडौं |
| १८. | डिसिबिएल बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| १९. | नवदुर्गा फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | इताछें, भक्तपूर |
| २०. | नागरिक लगानी कोष | पुतलीसडक, काठमाडौं |
| २१. | नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| २२. | नेपाल फाइनान्स लिमिटेड (नेफिन्स्को) | कमलादी, काठमाडौं |
| २३. | नेपाल बंगलादेश बैंक लि. | बिजुली बजार, काठमाडौं |
| २४. | नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड | सुनधारा, काठमाडौं |
| २५. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड | रामशाहपथ, काठमाडौं |
| २६. | नेशनल फाइनान्स लि. | नयाँ सडक, काठमाडौं |
| २७. | नेपाल बैंक लिमिटेड | धर्मपथ, काठमाडौं |
| २८. | नेपाल डेभलपमेन्ट एण्ड इम्पलायमेन्ट प्रमोशन बैंक लि. | कमलादी, काठमाडौं |
| २९. | तिनाउ बिकास बैंक लि. | वुटवल, रुपन्देही |
| ३०. | प्रिमियर फिनान्स कम्पनी लि. | मानभवन, ललितपुर |
| ३१. | पश्चिमाञ्चल डेभलपमेन्ट बैंक लिमिटेड | वुटवल, रुपन्देही |
| ३२. | प्रुडेन्सियल फाइनान्स कम्पनी लिमिटेड | डिल्लीबजार, काठमाडौं |
| ३३. | प्रभु फाइनान्स कम्पनी लिमिटेड | लैनचोर, काठमाडौं |
| ३४. | पूर्णिमा बिकास बैंक लिमिटेड | सिद्धार्थनगर, रुपन्देही |
| ३५. | फेवा फाइनान्स लिमिटेड | पोखरा, कास्की |
| ३६. | विराटलक्ष्मी बिकास बैंक लिमिटेड | विराटनगर, मोरङ्ग |
| ३७. | विजनेस डेभलपमेन्ट बैंक लिमिटेड | न्यूरोड, पोखरा |
| ३८. | भाजुरत्न फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) | कान्तिपथ, काठमाडौं |
| ३९. | मर्केन्टाइल फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | वीरगञ्ज, पर्सा |
| ४०. | महालक्ष्मी फाइनान्स लिमिटेड (वित्तीय संस्था) | वीरगञ्ज, पर्सा |
| ४१. | माछापुच्छ्रे बैंक लिमिटेड | पुतलीसडक, काठमाडौं |
| ४२. | मञ्जुश्री फाइनान्सिल ईन्स्टिच्युसन लिमिटेड | नयाँ बानेश्वर, काठमाडौं |
| ४३. | सिभिल मर्चेन्ट बित्तीय संस्था लिमिटेड | कुलेश्वर, काठमाडौं |
| ४४. | सानिमा बिकास बैंक लिमिटेड | नागपोखरी, काठमाडौं |
| ४५. | सनराइज बैंक लिमिटेड | गैह्रीधारा, काठमाडौं |
| ४६. | सगरमाथा मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | मानभवन, ललितपुर |
| ४७. | सिद्धार्थ फाइनान्स लिमिटेड | भैरहवा, रुपन्देही |
| ४८. | सूर्यदर्शन फाइनान्स कम्पनी लिमिटेड | नयाँ बानेश्वर, काठमाडौं |
| ४९. | सेन्ट्रल फाइनान्स लि.(वित्तीय संस्था) | कुपण्डोल, ललितपुर |
| ५०. | सम्भना फाइनान्स कम्पनी लि. (वित्तीय संस्था) | बनेपा, काभ्रेपलाञ्चोक |
| ५१. | सेती वित्तीय संस्था लिमिटेड | टीकापुर,कैलाली |
| ५२. | स्टेण्डर्ड फाईनान्स लिमिटेड (वित्तीय संस्था) | कमलपोखरी, काठमाडौं |
| ५३. | शिखर वित्तीय संस्था लिमिटेड | थापाथली, काठमाडौं |
| ५४. | शुभलक्ष्मी फाइनान्स लिमिटेड | नक्साल, काठमाडौं |
| ५५. | हिमालय फाइनान्स लिमिटेड (वित्तीय संस्था) | बाघदरवार, काठमाडौं |

| | | |
|---|---|---|
| ५६. | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.(वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौ |
| ५७. | वागेश्वरी डेभलपमेन्ट बैंक लिमिटेड | नेपालगंज, बाँके |
| ५८. | वुटवल फाइनान्स लिमिटेड | वुटवल, रुपन्देही |
| ५९. | भिवोर बिकास बैंक लि. | त्रीपुरेश्वर, काठमाडौ |
| ६०. | लक्ष्मी बैंक लिमिटेड | वीरगञ्ज, पर्सा |
| ६१. | रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | दरवारमार्ग, काठमाडौ |
| ६२. | रिलायबल फाइनान्स लिमिटेड | सुन्धारा, काठमाडौ |
| ६३. | लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड | त्रिदेवी मार्ग, काठमाडौ |
| ६४. | लुम्बिनी बैंक लिमिटेड | दरवारमार्ग, काठमाडौ |
| ६५. | ललितपुर फाइनान्स लिमिटेड | लगनखेल, ललितपूर |
| ६६. | लर्ड बुद्ध फाइनान्स लि. | न्यूरोड, काठमाडौ |
| ६७. | युनाईटेड फाइनान्स लिमिटेड | दरवारमार्ग, काठमाडौ |
| ६८. | युनियन फाइनान्स लिमिटेड (वित्तीय संस्था) | कमलादी, काठमाडौ |
| ६९. | वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था) | पुतलीसडक, काठमाडौ |